# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस २१ गते, २०८२ साल (संख्या ५५

## भाग ३

**नेपाल सरकार**

**गृह मन्त्रालयको**

**सूचना**

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३३**

**नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२**

नेपाल नागरिकता नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरू बनाएको छ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन** : नेपाल नागरिकता नियमावली, २०६३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (३ख) मा रहेका "ऐनको दफा ३ को उपदफा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "ऐनको दफा ३ को उपदफा (५) र (५क) बमोजिम " भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३ख) को उपखण्ड (ङ) को सट्टा देहायको उपखण्ड (ङ) राखिएको छ :-

"(ङ) बाबुको पहिचान हुन नसकेको व्यक्तिले र निजको आमाले अनुसूची-४क. बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतसमक्ष गरेको स्वघोषणा,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ताको प्रमाणपत्र र होस ठेगानमा नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिससहित निवेदकले गरेको अनुसूची-४क.



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"

(३) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) पितृत्व र मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्र जारी गर्दा कार्यालयको अभिलेखमा निजको पितृत्व र मातृत्वको ठेगान नभएको व्यहोरा जनाई निजले प्राप्त गर्ने नागरिकताको प्रमाणपत्रमा बाबु र आमाको नाम उल्लेख गर्नुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी खाली राख्नु पर्नेछ।

तर निजको संरक्षक भएमा नागरिकता प्रमाणपत्रमा संरक्षकको नाम, थर र ठेगाना खुलाउनु पर्नेछ।"

३. **<u>मूल नियमावलीको नियम ५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) नेपालको भिसा आवश्यक पर्ने विदेशी मुलुकको नागरिक भए त्यस्तो भिसाको म्याद कायम रहेको निस्सा,"

(२) उपनियम (२) मा रहेका "योग्य देखिएमा निजलाई" भन्ने शब्दहरू पछि "वैवाहिक" भन्ने शब्द थपिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले र निजको आमाले अनुसूची-७क. बमोजिम गरेको स्वघोषणा।

तर निवेदन दिँदाका बखत आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई स्वीकृत चिकित्सकले गरेको सिफारिस सहित निबेदकले गरेको अनुसूची-७क. बमोजिमको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख) र (१ग) थपिएका छन् :-

"(१क) ऐनको दफा ३ को उपदफा (४क) बमोजिम बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्काको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्कविहीन भएका व्यक्तिको सन्तानको हकमा त्यस्तो सन्तानले सोह्र वर्ष उमेर पूरा भई ऐनको दफा



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ को उपदफा (५क) बमोजिम अङ्गीकृत नागरिकता लिन चाहेमा देहायका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) जन्म दर्ता प्रमाणपत्र,

(ख) बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) बाबु वा आमाको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र,

(घ) जन्मस्थान, नाता र निज नेपालमा स्थायी बसोबास गरेको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(ङ) बाबु वा आमा सम्पर्कविहीन भएको भए सोको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(च) बाबु वा आमाको मृत्यु भएको वा सम्पर्कविहीन भएको भए अनुसूची-७ख. बमोजिमको ढाँचामा निजले प्रमुख जिल्ला



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीसमक्ष गरेको स्वघोषणा।

(१ख) ऐनको दफा ५ को उपदफा (५ख) बमोजिम नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले अङ्गीकृत नेपाली नागरिकता लिन चाहेमा देहायका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) जन्म दर्ता प्रमाणपत्र,

(ख) आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) निजको जन्म भएको मुलुक, स्थान र जन्म सम्बन्धी विवरण खुल्ने कागजात,

(घ) नेपालमा स्थायी बसोबास गरेको र निजको बाबुको पहिचान नभएको व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस,

(ङ) विदेशी मुलुकको नागरिकता वा राहदानी नलिएको भनी निजले र निजको आमाले अनुसूची-७क. बमोजिमको



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष गरेको स्वघोषणा।

(१ग) उपनियम (१), (१क) र (१ख) बमोजिमको निवेदन उपर प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी त्यस्तो व्यहोरा यकिन भएमा अनुसूची-८ बमोजिमको ढाँचामा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्नेछ।"

(३) उपनियम (३) मा रहेका "(१) वा" भन्ने शब्दहरू झिकिएका छन्।

(४) उपनियम (७) मा रहेका "ऐनको दफा ३ को उपदफा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "ऐनको दफा ३ को उपदफा (५) र (५क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) ऐन र यो नियमावली बमोजिम जारी हुने देहाय बमोजिमका नेपाली नागरिकताको प्रमाणपत्र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले जारी गर्नेछ :-

(क) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ऐनको दफा ५ को उपदफा (१) बमोजिमको वैवाहिक अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) ऐनको दफा ५ को उपदफा (२), (५), (५क) र (५ख) बमोजिमको अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र।

(२) प्रमुख जिल्ला अधिकारीले ऐनको दफा ३ को उपदफा (५) र (५क) बमोजिमको वंशजको नाताले नागरिकता जारी गर्ने अधिकार बाहेक उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम प्राप्त अधिकार निजले आफ्नो मातहतको अधिकृत कर्मचारी वा मातहत कार्यालयको कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारी वा समय समयमा नेपाल सरकारले नागरिकता वितरण गर्न खटाएको टोली प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।"

(२) उपनियम (७) मा रहेका "अनुसूची-८ बमोजिमको" भन्ने शब्दहरूको सट्टा "अनुसूची-८ को खण्ड (क) बमोजिम र वैवाहिक अङ्गीकृत नेपाली नागरिकता जारी गर्दा अनुसूची-८ को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९ को,-



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "निज नेपालभित्र बसेको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष" भन्ने शब्दहरूको सट्टा "निज नेपालभित्र बसेको भए निजको स्थायी बसोबास भएको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई नागरिकता त्यागको जानकारी प्राप्त भएमा त्यस्तो नागरिकता त्यागको जानकारी नागरिकता जारी भएका जिल्लाको जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ।"

(३) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरू पछि "कसैले नेपालको नागरिकता त्यागन" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपनियम (४) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (१), (१क) वा (३) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल नियमावलीको नियम १४ मा संशोधन</u>** : मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेका "मन्त्रालय वा प्रमुख जिल्ला अधिकारीसमक्ष" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयबाट जारी भएको नागरिकता भए मन्त्रालयसमक्ष र जिल्ला प्रशासन कार्यालयबाट जारी भएको नागरिकता भए सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष" भन्ने शब्दहरू राखिएका छन्।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल नियमावलीमा नियम १६क. थप** : मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६क. थपिएको छ :-

"**१६क. नाबालक परिचयपत्र प्राप्त गर्ने** : (१) नाबालक परिचयपत्र प्राप्त गर्न देहायका कागजातसहित अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) नाबालकको जन्म दर्ता प्रमाणपत्र,

(ख) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमका नाबालकको नाबालक परिचयपत्र प्राप्त गर्न देहायका कागजातसहित अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) नाबालकको जन्म दर्ता प्रमाणपत्र,

(ख) बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,

(ग) कानूनी संरक्षकद्वारा हुर्काइएको भए त्यस्तो संरक्षकले गरेको सनाखतसहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) अन्य तरिकाले हुर्केको भए सो व्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय तहको सिफारिस।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त हुन आएको निवेदन उपर प्रमुख जिल्ला अधिकारीले आवश्यक विवरण यकिन गरी व्यहोरा मनासिब भएमा अनुसूची-१४ बमोजिमको ढाँचामा नाबालक परिचयपत्र जारी गर्नेछ।

(४) पितृत्व र मातृत्वको ठेगान नभएको नाबालकको नाबालक परिचयपत्र जारी गर्दा कार्यालयको अभिलेखमा निजको पितृत्व र मातृत्वको ठेगान नभएको व्यहोरा जनाई निजले प्राप्त गर्ने नाबालक परिचयपत्रमा बाबु र



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आमाको नाम उल्लेख गर्नुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी खाली राख्नु पर्नेछ।

तर निजको संरक्षक भएमा नाबालक परिचयपत्रमा संरक्षकको नाम, थर र ठेगाना खुलाउनु पर्नेछ।

(५) ऐन तथा यो नियमावली बमोजिम जारी भएको नाबालक परिचयपत्र देहायको अवस्थामा कायम रहने छैन :-

(क) नाबालक परिचयपत्र प्राप्त गरेको व्यक्तिको उमेर सोह्र वर्ष पूरा भएमा,

(ख) झुट्टा विवरण पेस गरी नाबालक परिचयपत्र प्राप्त गरेको पाइएमा,

(ग) नाबालक परिचयपत्र प्राप्त गरेको व्यक्तिले कुनै बिदेशी मुलुकको नागरिकता वा राहदानी वा राष्ट्रियता जनिने कुनै प्रमाणपत्र प्राप्त गरेको भएमा।

(६) ऐन तथा यो नियमावली विपरीत कसैले झुट्टा विवरण पेस गरी नाबालक परिचयपत्र बनाएको पाइएमा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाको प्रमुख जिल्ला अधिकारीले त्यस्तो नाबालक परिचयपत्र रद्द गर्नेछ।"

९. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको,-

(१) अनुसूची-१ को निवेदन व्यहोरामा रहेको तालिकाको सट्टा देहायको तालिका राखिएको छ :-

"

| | |
|---|---|
| १. नाम, थर : ..............................<br>[Full Name (in block)] : ............<br>२. जन्म दर्ता नं. : ........................<br>(Birth Registration Number) : ......<br>३. लिङ्ग : ............<br>(Sex) : ......................<br>४. धर्म : ...........<br>(Religion) : ..................<br>५. जात : ............................<br>(Caste) :................<br>६. जन्मस्थान : ...........<br>Place of Birth (in block) : ..........<br>७. स्थायी बासस्थान :<br>प्रदेश..........जिल्ला.................<br>गाउँपालिका/नगरपालिका/उपमहानगर पालिका/ महानगरपालिका....................<br>वडा नं.....गाउँ/टोल.....<br>Permanent Address : Province...... District.......... Rural Municipality /Municipality/Sub-metropolis/Metropolis :.........Ward No...........Village/Tole.........<br>८. जन्म मिति :...साल....महिना..... गते (जन्म दर्ता र शैक्षिक प्रमाणपत्र बमोजिम मिति उल्लेख गर्ने।<br>Date of Birth (AD) | १०. आमाको नाम, थर : ............<br>ठेगाना : ........................<br>ना.प्र.नं./ किसिम :................<br>राष्ट्रिय परिचयपत्र नं. :..........<br>११. पति/पत्नीको नाम थर : ..........<br>ठेगाना : ................<br>ना.प्र.नं./ किसिम : ...............<br>राष्ट्रिय परिचयपत्र नं.: ...........<br>१२. संरक्षकको नाम, थर र ठेगाना : ...<br>ना.प्र.नं./ किसिम : .................<br>राष्ट्रिय परिचयपत्र नं.: ..............<br>१३. हजुरबुबाको नाम, थर : ..........<br>राष्ट्रिय परिचयपत्र नं. : .........<br>१४. हजुरआमाको नाम, थर : ........<br>राष्ट्रिय परिचयपत्र नं. : .......... |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| .....year.......Month......Day<br>९. बाबुको नाम थर : ......................<br>ठेगाना :<br>ना.प्र.नं./ किसिम : ....................<br>राष्ट्रिय परिचयपत्र नं. : ........... | |

(२) अनुसूची-२ मा रहेका "स्थायी बासस्थान: जिल्ला" भन्ने शब्दहरूको सट्टा "स्थायी बासस्थान : प्रदेश ........ जिल्ला........" भन्ने शब्दहरू र "Permanent Address (in block) : District" भन्ने शब्दहरूको सट्टा "Permanent Address (in block) : Province ........... District..........." भन्ने शब्दहरू राखिएका छन्।

(३) अनुसूची-४क. को सट्टा संलग्न बमोजिमको अनुसूची-४क. राखिएको छ।

(४) अनुसूची ४ख. झिकिएको छ।

(५) अनुसूची-७ को,-

(क) अनुसूची शीर्षकमा रहेका "(नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (१), (२) र (५) सँग सम्बन्धित)" भन्ने शब्दहरूको सट्टा "(नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (१), (१क), (१ख), (२) र (५) सँग सम्बन्धित)" भन्ने शब्दहरू राखिएका छन्।

(ख) क्रमसङ्ख्या १ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:-

"(क१) जन्म दर्ता नं. (Birth Registration Number)"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) जन्म मिति : .........साल ......... महिना ....... गते

Date of Birth (AD) :
Year…Month……..Day

(शैक्षिक प्रमाणपत्र र जन्म दर्ता बमोजिम मिति उल्लेख गर्ने।"

(३) खण्ड (ङ) को,-

(क) उपखण्ड (ग) को सट्टा देहायको उपखण्ड (ग) राखिएको छ :-

"(ग) नागरिकता प्रमाणपत्र नम्बर........किसिम .........

(ख) उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ:-

"(घ) राष्ट्रिय परिचयपत्र नम्बर....."

(४) खण्ड (च) को,-

(क) उपखण्ड (ग) को सट्टा देहायको उपखण्ड (ग) राखिएको छ :-

"(ग) नागरिकता प्रमाणपत्र नम्बर....किसिम.....

(ख) उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(घ) राष्ट्रिय परिचयपत्र नम्बर.............."

(५) खण्ड (च) पछि देहायको खण्ड (च१) र (च२) थपिएका छन्।

"(च१) हजुरबुवाको :-

(क) नाम, थर :

(ख) ठेगाना :

(ग) नागरिकता प्रमाणपत्र नम्बर.....किसिम .....

(घ) राष्ट्रिय परिचयपत्र नम्बर..............

(च२) हजुरआमाको :-

(क) नाम, थर :

(ख) ठेगाना :

(ग) नागरिकता प्रमाणपत्र नम्बर :.........

किसिम : .......

(घ) राष्ट्रिय परिचयपत्र नम्बर................"

(६) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ।

"(ज१) जातजाति :.........."

(७) खण्ड (झ) को,-

(क) उपखण्ड (ग) को सट्टा देहायको उपखण्ड (ग) राखिएको छ :-



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) नागरिकता प्रमाणपत्र नम्बर:........किसिम:.........."

(ख) उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ :-

"(घ) राष्ट्रिय परिचयपत्र नम्बर............"

(ग) क्रमसङ्ख्या ३ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) प्रदेश................

जिल्ला................गाउँपालिका/नगर पालिका/ उपमहानगरपालिका/ महानगरपालिका............. वडा नं. .......... टोल/गाउँ ..................

Province...........District................ Rural___ Municipality/Municipality/ Sub-metropolis/Metropolis ........ Ward No. ........Tole/ Village......."

(६) अनुसूची-७क. को सट्टा संलग्न बमोजिमको अनुसूची-७क. राखिएको छ।

(७) अनुसूची-७क. पछि संलग्न बमोजिमको अनुसूची-७ख. राखिएको छ।

(८) अनुसूची-८ को,-

(क) अनुसूची शीर्षकमा रहेका "(नियम ७ को उपनियम (४) र नियम ८ को उपनियम (७) सँग सम्बन्धित)" भन्ने शब्दहरूको सट्टा "(नियम ७ को उपनियम (१ग), (४) र नियम ८ को



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपनियम (७) सँग सम्बन्धित) भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड क र खण्ड ख मा रहेका "स्थायी बासस्थान : जिल्ला" भन्ने शब्दहरूको सट्टा "स्थायी बासस्थान : प्रदेश.............. जिल्ला .............." भन्ने शब्दहरू र "Permanent Address (in block) : District" भन्ने शब्दहरूको सट्टा "Permanent Address (in block) : Province............ District............ " भन्ने शब्दहरू राखिएका छन्।

(९) अनुसूची-८क. को क्रमसङ्ख्या १ को,-

(क) खण्ड (ख) पछि देहायको खण्ड (ख१) र (ख२) थपिएको छ :-

"(ख१) धर्म :

(ख२) जातजाति :"

(ख) खण्ड (च) को उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ :-

"(घ) राष्ट्रिय परिचयपत्र नम्बर........"

(ग) खण्ड (छ) को उपखण्ड (ग) पछि देहायको उपखण्ड (घ) थपिएको छ :-

"(घ) राष्ट्रिय परिचयपत्र नम्बर......."

(१०) अनुसूची-८ख. को,-

(क) "स्वघोषणा गर्ने व्यक्तिको आमाको" शीर्षक अन्तर्गत रहेको "नागरिकता नम्बर" भन्ने शब्दहरूको सट्टा "नागरिकता प्रमाणपत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नम्बर........... किसिम........." भन्ने शब्दहरू राखिएका छन्।

(ख) "स्वघोषणा गर्ने व्यक्तिको" शीर्षक अन्तर्गत रहेको "जारी मिति ............" भन्ने शब्दहरू पछि "राष्ट्रिय परिचयपत्र नं. .........." भन्ने शब्दहरू थपिएका छन्।

(११) अनुसूची-८ग. को,-

(क) क्रमसङ्ख्या १ को,-

(१) खण्ड (च) को उपखण्ड (ई) पछि देहायको उपखण्ड (उ) थपिएको छ :-

"(उ) राष्ट्रिय परिचयपत्र नम्बर.........."

(२) खण्ड (छ) को उपखण्ड (ई) पछि देहायको उपखण्ड (उ) थपिएको छ :-

"(उ) राष्ट्रिय परिचयपत्र नम्बर......"

(३) खण्ड (ज) को उपखण्ड (ई) पछि देहायको उपखण्ड (उ) थपिएको छ :-

"(उ) राष्ट्रिय परिचयपत्र नम्बर........."

(ख) सनाखत शीर्षकमा रहेका "नागरिकता नम्बर : ............" भन्ने शब्दहरू पछि "राष्ट्रिय परिचयपत्र नम्बर............." भन्ने शब्दहरू थपिएका छन्।

(१२) अनुसूची-९ मा रहेका "मेरो ना.प्र.नं." भन्ने शब्दहरू पछि "राष्ट्रिय परिचयपत्र नम्बर.............." भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) अनुसूची-१० को तालिकामा रहेका "ना.प्र. जारी मिति र स्थान" भन्ने शीर्षक रहेको महल पछि "राष्ट्रिय परिचयपत्र नम्बर" भन्ने शीर्षक रहेको महल थपिएको छ।

(१४) अनुसूची-११ को सट्टा संलग्न बमोजिमको अनुसूची-११ राखिएको छ।

(१५) अनुसूची-१२ पछि संलग्न बमोजिमका अनुसूची-१३ र अनुसूची-१४ थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## "अनुसूची-४क.

(नियम ३ को उपनियम (३ख) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्वघोषणा

खण्ड (क)

बाबु पहिचान नभएको व्यक्तिले गर्ने

.............प्रदेश...........जिल्ला........................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं...... मा बस्ने .......... (आमाको नाम, थर) को छोरा/छोरी म.............. को बाबु............... (*हालसम्म सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको, वा बाबु यिनै व्यक्ति हुन भनी बाबुको पहिचान गराउन नसकेको, वा जन्मदर्ता, शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भए तापनि बाबुको पहिचान हुन नसकेको मध्ये कुन कारणले बाबुको पहिचान हुन नसकेको हो सो कारण उल्लेख गर्ने*)............................................. व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

| स्वघोषणा गर्ने व्यक्तिको,- | स्वघोषणा गराउने अधिकृतको,- |
|---|---|
| नाम, थर : | नाम, थर : |
| जन्म मिति : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

औँठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खण्ड (ख)

## <u>बाबु पहिचान नभएको भनी आमाले गर्ने</u>

...............प्रदेश.............जिल्ला.........................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने .......... म............ को छोरा/छोरी को बाबु ..............(*हालसम्म सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको, वा बाबु यिनै व्यक्ति हुन भनी बाबुको पहिचान गराउन नसकेको, वा जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भए तापनि बाबुको पहिचान हुन नसकेको मध्ये कुन कारणले बाबुको पहिचान हुन नसकेको हो सो कारण उल्लेख गर्ने*)......................................... स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।

| स्वघोषणा गर्ने आमाको- | स्वघोषणा गराउने अधिकृतको- |
|---|---|
| नाम, थर : | नाम, थर : |
| जन्म मिति : | पद : |
| नागरिकता प्रमाणपत्र नम्बर : | दस्तखत : |
| जारी जिल्ला : | मिति : |
| जारी मिति : | |
| राष्ट्रिय परिचयपत्र नम्बर : | |
| दस्तखत : | |
| मिति : | |

<u>औंठा छाप</u>

| दायाँ | बायाँ |
|---|---|
| | |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ग)

आमाको मृत्यु भएको वा आमाको होस ठेगानमा नरहेको व्यक्तिले गर्ने

............प्रदेश.........जिल्ला.........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं.......मा बस्ने...........(आमाको नाम) को छोरा/छोरी म................को आमा..............को मिति.................मा मृत्यु भएको/मिति ...........देखि होस ठेगानमा नरहेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको,-
नाम, थर :
जन्म मिति :
दस्तखत :
मिति :

स्वघोषणा गराउने अधिकृतको,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**द्रष्टव्यः** आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई स्वीकृत चिकित्सकले गरेको सिफारिस स्वघोषणासाथ संलग्न गर्नु पर्नेछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -७क.

(नियम ७ को उपनियम (१) को खण्ड (ग) र उपनियम (१ख) को खण्ड (ङ) सँग सम्बन्धित)

**स्वघोषणा**

खण्ड (क)

विदेशी मुलुकको नागरिकता नलिएको व्यक्तिले गर्ने

.......प्रदेश........जिल्ला......गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...........बस्ने म ..........देश..........स्थानमा बस्ने खुबा..... र ......... प्रदेश ....... जिल्ला....... गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ........बस्ने नेपाली नागरिक आमा ......... को छोरा/छोरी भएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (३) को खण्ड (ग) बमोजिम कुनै विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यहोरा स्वघोषणा गर्दछु।
मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

आमाको नाम, थर :
राष्ट्रिय परिचयपत्र नम्बर......... नागरिकता प्रमाणपत्र नं. .... जारी जिल्ला ...... जारी मिति ......
विवाह दर्ता प्रमाणपत्र नं. भएमा सो नम्बर ..........
बाबुको नाम, थर:
नागरिकता प्रमाणपत्र /राहदानी नं. ..............जारी मुलुक/जिल्ला ....................जारी मिति ..................
निवेदकको,-
नाम, थर :　　धर्म :　　दस्तखत :
मिति :



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर :

पद :

दस्तखत :

मिति :

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

खण्ड (ख)

<u>आमाको मृत्यु भएको वा आमाको होस ठेगानमा नरहेको व्यक्तिले गर्ने</u>

............प्रदेश.........जिल्ला........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने ............. (आमाको नाम) को छोरा/छोरी म............ को आमा -------......को मिति......मा मृत्यु भएको/ मिति.........देखि होस ठेगानमा नरहेको व्यहोरा स्वघोषणा गर्दछु ।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

| स्वघोषणा गर्ने व्यक्तिको,- | स्वघोषणा गराउने अधिकृतको,- |
|---|---|
| नाम, थर : | नाम, थर : |
| जन्म मिति : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**द्रष्टव्यः** आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई चिकित्सकले प्रमाणित गरेको सिफारिस गरिएको स्वघोषणा संलग्न गर्नु पर्नेछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ग)

विदेशको नागरिकता वा राहदानी नलिएको र बाबु पहिचान हुन नसकेको व्यक्तिले गर्ने

................प्रदेश.............जिल्ला............ गाउँपालिका/नगरपालिका/ उपनगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने ............. (आमाको नाम) को छोरा/छोरी म..................को नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (५ख) बमोजिम नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र हालसम्म बाबुको पहिचान नभएको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको,-

नाम, थर :

जन्म मिति :

दस्तखत :

मिति :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको,-

नाम थर :

पद :

दस्तखत :

मिति :



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (घ)

विदेशको नागरिकता वा राहदानी नलिएको र बाबु पहिचान हुन नसकेको व्यक्तिको आमाले गर्ने

..........प्रदेश.........जिल्ला....... गाउँपालिका/नगरपालिका/ उपनगरपालिका/ महानगरपालिका वडा नं. ...... मा बस्ने म ................ को छोरा/छोरी ......... को नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (५ख) बमोजिम नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र छोरा /छोरीको बाबु हालसम्म पहिचान हुन नसकेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।

स्वघोषणा गर्ने आमाको,-

नाम, थर : ......................

राष्ट्रिय परिचयपत्र नम्बर :................

नागरिकता प्रमाणपत्र नम्बर :...............

जारी जिल्ला :...............

जारी मिति :...............

दस्तखत : ....................

मिति : .....................

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर :

पद :

दस्तखत :

मिति :



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-७ख.

(नियम ७ को उपनियम (१क) को खण्ड (च) सँग सम्बन्धित)

## स्वघोषणा

### बाबु वा आमाको मृत्यु भएको वा बाबु वा आमा सम्पर्कविहीन भएको व्यक्तिले गर्ने

............प्रदेश...............जिल्ला....................गाउँपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने .......... (बाबु/आमाको नाम उल्लेख गर्ने) को छोरा/छोरी म.................. को नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (५क) बमोजिम (बाबु वा आमामध्ये ..........को मिति............मा मृत्यु भएको/ मिति.........देखि सम्पर्कविहीन भएको .............. स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरे बमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको आमा/बाबुको,-

नाम, थर :

राष्ट्रिय परिचयपत्र नम्बर......

नागरिकता प्रमाणपत्र नम्बर :......

जारी जिल्ला :.........

जारी मिति : ...........

स्वघोषणा गर्ने व्यक्तिको,-

नाम, थर :

जन्म मिति :

दस्तखत :

मिति :

स्वघोषणा गराउने अधिकृतको,-

नाम थर :

पद :

दस्तखत :

मिति :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–११

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**नेपाली नागरिकता पुनः कायम हुनको लागि दिने निवेदन**

| |
|---|
| सूचना गर्ने व्यक्तिको फोटो (दुबै कान देखिने पासपोर्ट साइजको) |

श्री ........................................

............................................. ।

**विषयः नेपाली नागरिकता पुनः कायम हुनको लागि दर्ता गरी पाऊँ।**

महोदय,

म नेपाली नागरिक....................मुलुकको नागरिकता परित्याग गरी नेपालमा आई बसोबास गरेकोले देहायमा लेखिएका विवरणहरू नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम दर्ता गरिदिनु हुन अनुरोध गर्दछु।

१. नाम र थर :........................................................

२. जन्म स्थान : .......................................................

३. जन्म मिति :.......................................................

४. नागरिकता प्रमाणपत्र नम्बर :.......................

५. नागरिकता प्रमाणपत्र जारी मिति : ................................................

६. राष्ट्रिय परिचयपत्र नम्बर :.......................................

७. नेपालको नागरिकता त्याग गरेको मिति :.......................................

८. नागरिकताको किसिम : ......................................................

९. नेपालमा आई बसोबास गरेको मिति : ..........................

१०. हाल बसोबास गरेको स्थान प्रदेश :.............. जिल्ला :............
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका
............. वडा नं. ......... टोल.........................

११. बाबुको नाम, थर :..................................................
ठेगाना :........................................................



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकता प्रमाणपत्र नम्बर............. किसिम :...............

राष्ट्रिय परिचयपत्र नम्बर :.............

१२. आमाको नाम,थर : .......................

ठेगाना : ...................................

नागरिकता प्रमाणपत्र नम्बर :.............. किसिम :.............

राष्ट्रिय परिचयपत्र नम्बर :.............

१३. पति/पत्नीको नाम थर : ..........................

ठेगाना : .......................................................

नागरिकता प्रमाणपत्र नम्बर :................. किसिम :................

राष्ट्रिय परिचयपत्र नम्बर :.............

१४. संरक्षकको नाम, थर :......................................

ठेगाना :.........................................

नागरिकता प्रमाणपत्र नम्बर :.............. किसिम :..................

राष्ट्रिय परिचयपत्र नम्बर :..............

१५. हजुरबुबाको नाम, थर :...........................

नागरिकता प्रमाणपत्र नम्बर :.....................

राष्ट्रिय परिचयपत्र नम्बर :.........................

१६. हजुरआमाको नाम, थर :...............................

नागरिकता प्रमाणपत्र नम्बर :.....................

राष्ट्रिय परिचयपत्र नम्बर :........................

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

सूचना गर्ने व्यक्तिको,-

दस्तखत .....................

मिति :



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-१३

(नियम १६क. को उपनियम (१) र (२) सँग सम्बन्धित)

**नाबालक परिचयपत्रको लागि निवेदन**

| नाबालकको दुवै कान देखिने पासपोर्ट साइजको |
|---|

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय
.........।

**विषयः नाबालक परिचयपत्र पाऊँ।**

महोदय,

मेरो निम्नानुसारको विवरण भएको नाबालकको नाबालक परिचयपत्र बनाउनु परेकोले आवश्यक सिफारिस साथ रु. १०।- को टिकट टाँसी यो निवेदन पेस गरेको/गरेकी छु। मेरो ..........ले यस अघि नाबालक परिचयपत्र लिएको छैन।

१. नाबालकको नाम, थर : ......................
   Full Name (in block) : ......................
   जन्मदर्ता प्रमाणपत्र नम्बर : ......................
२. लिङ्ग : ......................
   Sex : ......................
३. जन्मस्थान : ......................
   Place of Birth (in block) :......................
४. बाबुको नाम, थर :......................
   Father's Name (in block) :......................
   ठेगाना : ..............................................
   राष्ट्रियता :......................
   नागरिकता प्रमाणपत्र नं. :......................



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नागरिकताको किसिम :......................
जारी मिति :...................
जारी जिल्ला :.................
राष्ट्रिय परिचयपत्र नम्बर :.....................

५. आमाको नाम, थर :......................
Mother's Name (in block) : .....................
राष्ट्रियता :......................
ठेगाना : ...............................................
नागरिकता प्रमाणपत्र नं. :................................
नागरिकताको किसिम : .........................
जारी मिति : .......................
जारी जिल्ला : ................................
राष्ट्रिय परिचय नम्बर :......................

६ संरक्षकको नाम, थर :.......................
Guardian's Name (In block) : ................................
संरक्षकको ठेगाना : .....................................
नागरिकता प्रमाणपत्र नं. :............ किसिम : ..............
राष्ट्रिय परिचयपत्र नम्बर :....................

७. जन्म मिति वि.सं. ............... साल.....महिना..........गते
Date of Birth (AD) .......Year........Month......Day.......

८. नाबालकको औंठा छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. निवेदकको औंठा छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक : ......................

दस्तखत : ......................

नाम, थर : ......................

नाता सम्बन्ध : ......................

मिति : ......................

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मैले माथि उल्लेख गरेको व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने।

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिस

प्रदेश...........जिल्ला..............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं........ मा स्थायी बसोबास गरी बस्ने यसमा लेखिएका श्री.........................को छोरा/छोरी श्री........................ लाई म राम्ररी चिन्दछु। माथि लेखिए बमोजिम निजको व्यहोरा मैले जाने बुझेसम्म ठिक साँचो हो। निजलाई नाबालक परिचयपत्र प्रदान गर्दा मेरो पूर्ण रूपमा सहमति छ।

उक्त विवरण झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

कार्यालयको नाम :

कार्यालयको छाप

मिति : .............

सिफारिस गर्ने:

दस्तखत :

नाम, थर :

पद :

**जिल्ला प्रशासन कार्यालयमा भर्ने:**

यसमा लेखिएका नाबालक श्री........................................मेरो एकाघर सगोलका ............................... हुन्। यस निवेदनमा लेखिएको सम्पूर्ण विवरण ठिक साँचो हो। निजलाई नाबालक परिचयपत्र दिएमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी सनाखत गर्ने:

**<u>सनाखत गर्नेको औंठा छाप</u>**

| दायाँ | बायाँ |
|---|---|
| | |

सनाखत गर्नेको,-

दस्तखत :.......

नाम, थर :........

नाता सम्बन्ध :........

नागरिकता नं. : ....

सम्पर्क नं.:....



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीमान्,

यसमा लेखिएका श्री...............................लाई निम्न कागजातका आधारमा नाबालक परिचयपत्र प्रदान गर्ने निर्णयार्थ पेश गरेको छु।

१).....................................

२) ....................................

| ............................ | ......................... | ......................... |
| --- | --- | --- |
| सनाखत गराई पेश गर्ने | सिफारिस गर्ने | सदर गर्ने |

**द्रष्टव्यः** माथि उल्लिखित विवरणमा नाबालकको बाबु/आमाको अन्य जिल्लाको नागरिकता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्रमाणपत्रको प्रमाणित अभिलेख अनिवार्य रूपमा झिकाई बुझिनेछ।

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१४

(नियम १६क. को उपनियम (३) सँग सम्बन्धित)

**<u>नाबालक परिचयपत्रको ढाँचा</u>**

निशाना छाप

**नेपाल सरकार**

**जिल्ला प्रशासन कार्यालय, .............**

परिचयपत्र नं.

**नाबालक परिचयपत्र**

फोटो

नाम, थर :......................लिङ्ग :................

जन्म मिति :...........................

जन्म स्थान : प्रदेश :.......जिल्ला :............

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका

वडा नं. .........टोल :.............

स्थायी बासस्थान : प्रदेश :...........जिल्ला :.............

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/

महानगरपालिका

वडा नं. ..................टोल :.............

बाबुको नाम,थर :............राष्ट्रियता :..........

ठेगाना :................

नागरिकता प्रमाणपत्र नम्बर :.................... राहदानी नम्बर : ................

आमाको नाम,थर :................ राष्ट्रियता :.............

ठेगाना :..............

नागरिकता प्रमाणपत्र नम्बर :........ राहदानी नम्बर : .......



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| |
|---|
| |
| Certificate No.<br>Full Name (in block) : ..................... Sex : .................<br>Date of Birth (AD) : Year ........ Month ....... Day .............<br>Permanent Address (in block) : Province : ........... District : ...........<br>Rural Municipality /Municipality/Sub-metropolis/Metropolis :.......Ward No : .... |
| मितिः २०..../.../.....को निर्णयानुसार यो नाबालक परिचयपत्र दिइएको छ।<br>नाबालक परिचयपत्र जारी गर्ने अधिकारीको,-<br>दस्तखत :<br>नाम, थर :<br>पद :<br>मितिः २०..../....../.....<br>**परिचयपत्र बाहकको उमेर १६ वर्ष नपुगेसम्म मात्र यो परिचयपत्र मान्य हुनेछ।** |

"

**आज्ञाले,**
**राजकुमार श्रेष्ठ**
**नेपाल सरकारको सचिव।**



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।